अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी ।

सम्पर्क नं. : ९८५७६८३८१०
ईमेल: ito.annamun@gmail.com
वेब: annapurnamunmyagdi.gov.np
G-Plus Code: **FJJV+JH Shikha**

गण्डकी प्रदेश, नेपाल ।

प.स.: २०८०।८१
च.न. ४४२

मिति:- २०८०/०८/०८

**"लैंगिक हिंसाको अन्त्यको सुनिश्चितता: महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता"**

लैंगिक हिंसाबाट महिला, पुरुष, बालबालिका वा अन्य जो कोही पनि पिडित हुन सक्छ। विश्वका अन्य देशमा जस्तै नेपालमा पनि महिला र किशोरीहरु लैंगिक हिंसाको पहिलो निसानामा पर्ने समूह हुन। लैंगिक हिंसाको जडका रुपमा हाम्रा सामाजिक मूल्य मान्यता र लैंगिक असमानताहरुले महिला तथा किशोरीहरु माथि हुने भेदभाव र हिंसालाई समाजले सहज रुपमा स्वीकार गर्ने गरेको पाइन्छ ।हाम्रो सामाजिक संरचनामा शिक्षा, स्वास्थ्य, रोजगार, सम्पत्ति र निर्णय प्रक्रियामा महिलाको कम पहुँच छ ।त्यसैगरी स्रोत परिचालन, शक्तिको प्रयोगमा महिलाको कम अवसर छ। त्यसैले लैङ्गिक हिंसाबाट बढी महिला पिडित हुने गरेका छन् तर लैंगिक हिंसा भनेको महिला माथि हुने हिंसा मात्र भने होइन ।

सन् १९९१ देखि शुरु भएको लैंगिक हिंसा विरुद्धको विश्वव्यापी अभियान प्रत्येक वर्ष नोभेम्बर २५ तारिख देखि डिसेम्बर १० तारिख सम्म (तदनुसार मंसिर ९ गते देखि २४ गते) सञ्चालन गरिन्छ। नेपालले वि.सं. २०५४ साल देखि देशव्यापी रुपमा यो अभियान सञ्चालन गर्दै आएको छ। नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/०८/०२ को निर्णयानुसार हरेक वर्ष मंसिर ९ गतेलाई महिला हिंसा विरुद्धको अभियान दिवसको रुपमा मनाउने निर्णय गरेको छ ।

लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानको उद्देश्य लैंगिकताको आधारमा हुने सवै प्रकारका हिंसा, विभेद, कुरीति, अन्धविश्वास, अपराध, बहिष्करण र बञ्चितिकरणलाई अन्त्य गर्दै महिला र पुरुष बिच हुने गरेका सबै किसिमका विभेद र असमानता हटाउनु हो। बालबालिका, किशोरी, वयस्क, वृद्धा, महिला र सबै लिंगका मानिसहरुलाई बिना भेदभाव सम्मानित जीवनयापन गर्न सक्षम तुल्याउनु हो। यो अभियान लैंगिक हिंसा रहित, समतामूलक समाज निर्माण गर्न कोशेढुङ्गा सावित हुने विश्वासका साथ यस वर्षको अन्तर्राष्ट्रिय नारा- **"UNITE! INVEST TO PREVENT VIOLENCE AGAINIST WOMEN & GIRLS"**, राष्ट्रिय नारा- **"लैङ्गिक हिंसा अन्त्यको सुनिश्चितता: महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता"** भन्ने नाराका साथ यस वर्ष पनि लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानमा विविध सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुहुन सरकारी तथा गैह्र सरकारी संघ सस्थाहरुमा अनुरोध छ ।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत